TOKYO
METROPOLITAN
GOVERNMENT

जनवरी २०२५



# बालबालिकाको भविष्यका लागि कार्य 2025

पकेट बुक



## **चिल्ड्रेन फर्स्ट** को टोक्योको उपलब्धिको लागि ठोस कार्यहरूको अभ्यास

**बालबालिकाको आवाज र विचारलाई ध्यानपूर्वक सुनेर "बालबालिकाको सर्वोत्तम हित" को दृष्टिकोणबाट बाल नीतिको संस्करण सुधार गर्दै जानु एकदमै महत्त्वपूर्ण छ**

**"बालबालिकाको भविष्यका लागि कार्य" मा आधारित बालबालिकासँग संवाद अभ्यास गरी "वर्तमान" र "भविष्य" लाई बालबालिका सँगसँगै सिर्जना गरिनेछ!**



# विषयसूची


बालबालिकाको वास्तविक अवस्था, आवाज र विचारलाई बाल नीतिमा प्रतिबिम्बित गर्ने ........ 3

टोकियो महानगरपालिकाको बालबालिका सम्बन्धित आधारभूत अध्यादेश ........ 7

प्रारम्भिक बाल्यकालमा बालबालिकाको हुर्काई ........ 9

बाल पालनपोषणको कनेक्सन स्थापना ........ 11

स्कूल जाने उमेरमा बालबालिकाको हुर्काई ........ 15

स्कूलको वातावरणमा सुधार ........ 17

बालबालिकाको भविष्य बनाउने “अनुभव गतिविधि” को प्रवर्धन ........ 19

बालबालिकाको अनुहारमा मुस्कान ल्याउने “खेल” को प्रवर्धन ........ 21

बालबालिकालाई दुर्घटनाबाट जोगाउने वातावरण सिर्जना ........ 23

युवा हेरचाहकर्तालाई समर्थन ........ 25

मातृभाषा जापानी नभएका बालबालिकालाई सहयोग ........ 27

युवा स्वास्थ्य सेवा ........ 29

बाल नीति बलियो बनाउन प्राथमिकता दिने कार्य ........ 31




# बालबालिकाको वास्तविक अवस्था, आवाज र विचारलाई बाल नीतिमा प्रतिबिम्बित गर्ने

## 18,000 जना बालबालिकाको विचार

- बच्चाको स्थानमा सुनुवाई
- साइटमा कक्षाहरू
- बच्चाको लागि वर्कशप
- SNS प्रयोग गरिएको सर्वेक्षण
- टोक्यो महानगर सरकारको बाल अनुगमन
- नीति निर्माण कार्यमा जुनियर र हाई स्कूल विद्यार्थीहरूको सहभागिता

- समग्र महानगरपालिकाले बालबालिकाको विचार सुन्ने प्रयासको प्रवर्धन
- बालबालिकाहरू जो आफ्नो आवाज उठाउन सक्दैनन् तिनीहरूको विचार राम्रोसँग बुझिदिने

## बालबालिकासम्बन्धी एभिडेन्स (वास्तविक अवस्था र विचार)

**बालबालिका सम्बन्धित निश्चित सर्वेक्षण "टोक्यो बाल प्रश्नावली"**

सर्वेक्षणको दायरा :
10,500 घरपरिवार



विस्तृत कुराहरू यहाँबाट

# बच्चाको लागि वर्कशप

विस्तृत कुराहरू यहाँबाट

Point!

- टोक्यो महानगरीय नीतिको विषयमा बच्चाहरूको विचार सुन्ने
- उक्त विचारको आधारमा नीति अपग्रेड गर्ने



टोक्यो 2025 विश्व एथ्लेटिक्स च्याम्पियनशिप



तामा शहरीय मोनोरेल लम्ब्याउने र शहर विकास गर्ने

# नीति निर्माण कार्यमा जुनियर र हाई स्कूल विद्यार्थीहरूको सहभागिता

विस्तृत कुराहरू यहाँबाट

Point!

- जुनियर र हाई स्कूल विद्यार्थीले बाल नीतिबारे आफै छलफल गरेर प्रान्त प्रमुखलाई सुझाव दिने
- दिइएको सुझाव महानगरको बजेटमा समावेश गर्ने

✓ **अनुभव गतिविधि अर्थपूर्ण बनाउने** विषयमा लगभग आधी वर्षको दौडन छलफल

✓ **"जुनियर र हाई स्कूल विद्यार्थीको लागि जागिर अनुभवको समग्र वेबसाइट"** बनाउन सुझाव





# टोक्यो बालबालिका प्रश्नावली

## बालबालिकाको वास्तविक अवस्था र चेतनाको परिवर्तन निरन्तर रूपमा बुझ्ने




2024 साल सर्वेक्षणको नतिजाको केही भागबारे जानकारी दिन्छौं !

- **टोक्योका धेरै बच्चाहरू आफ्नो अवस्था र वरपरको वातावरण आदि सकारात्मक तरिकामा मूल्यांकन गर्छन्**

सर्वेक्षणको पूर्ण नतिजा

### अहिले म आनन्दित छु? 【बच्चाहरू】


एकदमै लागू हुन्छ※




※0-10 को 11 फेज मध्ये 8-10 को रेसियो

### परिवारसँगको सम्बन्ध राम्रो छ? 【बच्चाहरू】

एकदमै लागू हुन्छ※





※ 0-10 को 11 फेज मध्ये 8-10 को रेसियो

- **सकारात्मक मुल्यांकन गर्ने बालबालिका र अभिभावक बढ्दै छन्**

### बयस्कहरू मेरो कुरा सुन्छन् 【बच्चाहरू】


तपाईं बस्ने ठाउँमा बयस्कहरू **तपाईंको कुरा राम्रोसँग सुन्छन** जस्तो लाग्छ※




※ "लाग्छ" "लाग्छ भन्न मिल्छ" को रेसियो

### यो क्षेत्रमा बच्चा हुर्काउन सजिलो छ【अभिभावक】

अहिले बसिरहेको ठाउँ **बच्चा हुर्काउनको लागि उपयुक्त छ** जस्तो लाग्छ※




※ "लाग्छ" "लाग्छ भन्न मिल्छ" को रेसियो

# सबै बालबालिकासँग सिधै कनेक्ट हुने डिजिटल कन्ट्याक्ट सिर्जना गर्ने

## टोक्यो महानगर बालबालिका होमपेज

होमपेज यहाँबाट!

### प्राथमिक विद्यालय विद्यार्थीको लागि “महानगर सरकारको प्रवेशद्वार”




**यो पेज हेर्नेहरू जम्मा 70,000,000 नाघिसक्यो!**

सुपर हिट! “टोक्यो बालबालिका टाइपिङ रेस”

हरेकले आफ्नो डिभाइसबाट कनेक्ट गर्ने!

## जुनियर र हाई स्कूल विद्यार्थी वेबसाइट (अस्थायी नाम) राख्ने योजना

(2026 साल 3 महिनादेखि पूर्ण रूपमा काम सुरु गर्छ)

**AI प्रयोग गरेको अध्ययन**

**महानगर सरकारको जानकारी र परामर्श काउन्टरसँगको सम्बन्ध**

**जुनियर र हाई स्कूल विद्यार्थीद्वारा आफ्नो दृष्टिकोणबाट जानकारी आदानप्रदान**



# टोकियो महानगरपालिकाको बालबालिका सम्बन्धित आधारभूत अध्यादेश

## बाल नीतिको आधारभूत दृष्टिकोणलाई केन्द्रिकृत तरिकामा तय गरिएको




**जापानभित्र र बाहिरका विभिन्न संस्थासँगको सहकार्यद्वारा अध्यादेश नीतिको प्रचार प्रसार र विचार आदानप्रदान गर्ने ठाउँ सिर्जना गर्ने**

विस्तृत कुराहरू यहाँबाट

## बालबालिका गोष्ठी “TEENS SQUARE TOKYO PROJECT”

### जापानभित्र र बाहिरका शहरहरू र टोक्योका बालबालिका भेला हुन्छन्



- **जापानभित्र र बाहिरको बालबालिका भाग लिएर** विचार आदानप्रदान गर्छन्
- आफ्नो शब्दमा **अध्यादेशको नीति प्रचार प्रसार गर्ने**

## Tokyo Global Forum on Children: TGFC

### अर्को देशको शहरसँग बाल नीति बाँड्ने र छलफल गर्ने

- **बाल नीति कार्यकारी प्रमुख**लाई आमन्त्रण गर्ने
- महानगरको **बाल नीति संसारभरि प्रचार प्रसार गर्ने**
- **अन्तरशहर नेटवर्क** बनाउने



# प्रारम्भिक बाल्यकालमा बालबालिकाको हुर्काई

**प्रारम्भिक बाल्यकाल "गैर-संग्यानात्मक क्षमता" विकास गर्ने महत्त्वपूर्ण समय**

**व्यक्तिगत आत्म बल**

- आत्म अनुमोदन
- प्रेरणा
- सहनशीलता

**समाजमा घुलमिल हुन सक्ने क्षमता**

- हृदयको बुझ्ने क्षमता
- सहानुभूति
- मिलेर काम गर्ने

**टोक्योको लागि**

**किन्डरगार्टेन वा नर्सरी आदिमा बालबालिकाको प्रगति र विकास (SUKUSUKU) x उत्सुकता/खोजी गर्ने मनोवृत्ति(WAKUWAKU)** को सपोर्ट गर्ने **किन्डरगार्टेन र नर्सरी दुवैमा समान कार्यक्रम**

とうきょう すくわく プログラム

こどもの「すくすく×わくわく」をおうえん

**सबै शिशु र साना बच्चाहरूको भावनात्मक विकासको समर्थन**

## किन्डरगार्टेन र नर्सरीको विशेषता सदुपयोग गरेको प्रयास व्याप्त हुँदै छ !

**2023** β भर्सन

14 वटा किन्डरगार्टेन र नर्सरीमा लागु गरेको

**2024** महानगरको सबैतिर व्याप्त

लगभग 1600 वटा किन्डरगार्टेन र नर्सरीमा लागू गरिने आशा गरिएको छ (2025 साल 1 महिनामा)

**2025**

लागू गर्ने किन्डरगार्टेन र नर्सरी 2,750 सम्म वृद्धि

उदाहरणको लागि…

### “रङ्ग” को खोजी



रङ्ग लागेको पानी मिसाएर आफ्नो किसिमको रङ्ग बनाउने


### “प्रकृति” को खोजी



रूखको हाँगा र पात आदि प्रकृतिलाई महसुस गर्ने

## कार्यक्रमको गुणस्तर बढाउँदै जानेछौं !


### किन्डरगार्टेन र नर्सरीहरूबीच नेटवर्क बनाउने



भौतिक कनेक्सन


# बाल पालनपोषणको कनेक्सन स्थापना

## बच्चा हुर्काउनमा चिन्ता वा फिक्री भएको परिवार लगभग 70%




(स्रोत शिक्षा, संस्कृति, खेलकुद, विज्ञान तथा प्रविधि मन्त्रालय “रेइवा 5 आर्थिक वर्ष पारिवारिक शिक्षाको समग्र विकाससम्बन्धी सर्वेक्षण र अध्ययन (पारिवारिक शिक्षासम्बन्धी अभिभावकसँग गरिएको सर्वेक्षण) परियोजना रिपोर्ट” को आधारमा तयारी गरिएको

## चिन्ताको पछाडि बच्चा हुर्काउने परिवारको एक्लोपन छ
## विशेषगरि 0 वर्षको बच्चा भएको परिवार सजिलोसँग एक्लोपन महसुस गर्छन्




(स्रोत) स्थानीय समुदाय “Piazza” अनुसन्धान “बच्चा हुर्काउँदाको एक्लोपनसम्बन्धी प्रश्नावली” को आधारमा तयारी गरिएको
※अनुसन्धान अवधि : 2024 साल 3 महिनादेखि 4 महिना

**“कनेक्सन” मार्फत बालबालिका हुर्काउँदाको एक्लोपन रोक्ने/हटाउने**

# "Family Attendant" द्वारा कनेक्सन बनाउन काम गर्ने नगरपालिकालाई सपोर्ट

## Point! बच्चा हुर्काउने परिवारहरूको लागि आउटरिच प्रकारको समर्थन



एदोगावा वडा "बच्चा हुर्काउन डायपर डेलिभरी सेवा"

- बच्चा भएका परिवारमा **भ्रमण**
- **बाल-पालनपोषणको आवश्यक वस्तुहरू** र **जानकारी** सँगै डेलिभरी गर्ने

## Point! बच्चा हुर्काउने परिवारको लागि एक परिचित परिचारिका

- दैनिक बाल हेरचाह समस्याको बारेमा **कुरा गर्ने साथी**
- "सँगै" बालबालिकासँग खेल्दा
  "सँगै" सरकारी कार्यालय वा अस्पतालमा जाँदा **सहयोग गर्ने**



ओता वडा "होम स्टार्ट ओता"

**प्रयोगकर्ताको आवाज**



कुरा गर्ने मौका पाउँदा ढुक्क लाग्छ। यो भ्रमण मन पर्छ।

मध्यहप्तामा एक्लै बच्चा हुर्काएर कुरा गर्ने व्यक्ति नभएकोले 5 मिनेट भए पनि कुरा गर्न पाउँदा मन हल्का भयो।

डिजिटल कनेक्सन

# बाल पालनपोषणको कनेक्सन स्थापना


**बच्चा हुर्काउने परिवार** मात्र होइन **बालबालिका आफै** पनि **एक्लो महसुस गर्ने र अरूसँग जोडिन खोज्छन्**

**<के तपाईं एक्लो महसुस गर्नुहुन्छ वा तपाईं एक्लो महसुस गर्दा कसैसँग कुरा गर्न चाहनुहुन्छ? >**


**“आफू एक्लो महसुस गरेको”** जवाफ दिनेहरूमध्ये **“आफू कसैसँग कुरा गर्न चाहन्छु”** भन्ने मानिसहरूको प्रतिशत

: एक्लो महसुस गर्छु
: कुरा गर्न चाहन्छु


**प्राथमिक विद्यालयका विद्यार्थीहरू**





**हाई स्कूलका विद्यार्थीहरू**




**माध्यमिक विद्यालयका विद्यार्थीहरू**




**अभिभावकहरू**




※ टोक्यो महानगर बाल नीति सहकार्य कार्यालयद्वारा प्रश्नावली सर्वेक्षणको आधारमा तयारी गरिएको
सर्वेक्षणको दायरा: टोक्योमा बस्ने बालबालिका (प्राथमिक विद्यालय, माध्यमिक विद्यालय, हाई स्कूल) र अभिभावक (पूर्वस्कूल, प्राथमिक, माध्यमिक विद्यालय, हाई स्कूल) को करिब 3,200 जना)

**बालबालिका र परिवारहरूको चिन्ता र समस्याहरू अझ गम्भीर हुनबाट रोक्न**

「あのね…」で始まる相談チャット


परामर्श निशुल्क!

# ギュッとチャット स्टार्ट !

“Comforting Chat”

※2025 साल 1 महिनादेखि अग्रिम काम सुरु (4 लाइन)

## SNS आदि प्रयोग गरेर सजिलोसँग परामर्श



**बच्चा र बच्चा हुर्काउने परिवारको मनमा लागिरहेको कुराहरू सँगै मिलाइदिन्छौं**

### “Comforting Chat“




✓ विभिन्न सल्लाहकारसँग परामर्श लिन सकिन्छ
✓ आफ्नो नाम थाह नदिई परामर्श लिन सकिन्छ
✓ पहिला परामर्श लिएको एउटै व्यक्तिसँग परामर्श लिइरहन सकिन्छ
✓ परामर्श लिन चाहेको मिति र समयमा बुकिङ गर्न सकिन्छ




स्मार्टफोनको लागि टपपेज

मास्कट पात्र


**Gyuppi**



# स्कूल जाने उमेरमा बालबालिकाको हुर्काइ

## विद्यालय नजाने बालबालिका र विद्यार्थीको सङ्ख्या वृद्धि मात्र हुँदै छ

प्राथमिक र माध्यमिक विद्यालय नजाने बालबालिका र विद्यार्थीको सङ्ख्यामा परिवर्तन (टोक्यो)




(स्रोत) शिक्षा, संस्कृति, खेलकुद, विज्ञान तथा प्रविधि मन्त्रालय “समस्याग्रस्त व्यवहार र विद्यालयमा उपस्थित हुन अस्वीकार जस्ता विद्यार्थी मार्गनिर्देशनसम्बन्धी मामिलाहरूको सर्वेक्षण” मा आधारित भई तयारी गरिएको

**बच्चाको अध्ययन र बस्ने वातावरणमा विविधता ल्याउने**

विस्तृत कुराहरू यहाँबाट

## फ्री स्कूल आदिमा सहयोग प्रवर्धन

- ✓ निशुल्क विद्यालयहरूको प्रयोग शुल्कको बोझ घटाउने
- ✓ बच्चाको दृष्टिकोणबाट काम गर्ने निशुल्क विद्यालयलाई सहयोग
- ✓ विद्यालयबाहिर विविध शिक्षा अनुसन्धान

## स्कूल जान नसकिने विद्यार्थीको लागि विभिन्न उपायहरू विकास



### ● स्कूलमै सपोर्ट

- ✓ च्यालेन्ज क्लास अझ राख्ने
- ✓ Virtual Learning Platform (VLP) विकास गर्ने※
- ✓ शिक्षा सपोर्ट सेन्टरको कामलाई सशक्त बनाउने

※3D मेटाभर्सद्वारा बनाइएको वातावरण वा सिक्ने ठाउँ

### ● अभिभावकलाई अझ सपोर्ट दिएर चिन्ता र फिक्री घटाउने

- ✓ जानकारी एउटै केन्द्रमा पाउन सकिने पोर्टल साइट वा परामर्श बैठक (योजना) आदि





### सानै उमेरमा स्कुल जान छोड्ने विद्यार्थीको समस्या हटाउने उपाय

**प्रलाम्भिक बाल्यकालबाट विद्यार्थीकालमा राम्रोसँग कनेक्ट गर्नको लागि अझ प्रयास गर्ने**

# स्कूलको वातावरणमा सुधार

**“आफ्नो लागि स्कूलको वातावरण राम्रो छ” भनेर महसुस गरिरहेको बालबालिका र विद्यार्थी अझ आनन्दित महसुस गरेका छन्**




(स्रोत) टोक्यो महानगर बाल नीति सहकार्य कार्यालय “टोक्यो बाल प्रश्नावली” (2023 साल 5 महिनामा गरिएको) को आधारमा तयारी गरिएको

स्कूलको वातावरण (अपस्ट्रिम)मा **रोकथामको उपाय अपनाउँदा समस्या उत्पन्न हुन नदिन** सम्भव हुनसक्छ




**स्कूलको वातावरण सुधार्ने र बच्चाले सामना गर्ने विभिन्न समस्या उत्पन्न हुन अग्रिम रोकथाम गर्ने प्रणाली बनाउने**


## अध्ययन संस्थासँग सहकार्य गरेर यो प्रयास विकास गर्ने

- ✓ प्रवर्धन गर्ने **हाई र जुनियर हाई स्कूलको सङ्ख्या बढाउने**
- ✓ **प्राथमिक विद्यालयलाई दायरा बनाइएको स्किम** विचार गर्ने

### <हाई स्कूल र जुनियर हाई स्कूलमा स्किम>

**स्कूलको वातावरणबारे विद्यार्थीसँग लिइने सर्वेक्षण**

〔 **C** heck 〕



स्कूलको वातावरणबारे प्रश्नावली

**नतिजाको फिडब्याक**

〔 **A** ct 〕

अध्ययन संस्थाले※ सर्वेक्षणको विवरणलाई न्युमेरिकलमा ढालेर विश्लेषणको नतिजा स्कूललाई बुझाउने

※टोक्यो महानगर मेडिकल साइएन्स संस्था

**PDCA को दृष्टिकोण ल्याएर निरन्तर प्रयास गर्ने**

**कार्यन्वयन गर्ने**

〔 **D** o 〕

पूरा स्कूल समावेश गरेर कार्य प्रवर्धन

**कार्य विवरण आयोजना**

〔 **P** lan 〕



विद्यार्थी र शिक्षकको केन्द्रीय टिम बनाएर योजना बनाउने


**विद्यार्थीको आवश्यकता झल्काउन सपोर्ट**



School Climate Coordinator

# बालबालिकाको भविष्य बनाउने "अनुभव गतिविधि" को प्रवर्धन

## अनुभव गतिविधिले बच्चाको हुर्काईमा राम्रो प्रभाव पार्छ




(स्रोत) हामागिन अध्ययन संस्था "रेइवा 2 आर्थिक वर्ष 'अनुभव गतिविधिद्वारा युवा आत्मनिर्भरता सपोर्ट परियोजना'" रिपोर्टको आधारमा तयारी गरिएको

## बच्चाहरू विभिन्न कुराको अनुभव गर्न चाहन्छन्


- ✓ जापानको प्रविधि, काम, जागिर, स्वयंसेवा आदि अनुभव वा अवलोकन गर्न चाहन्छु
- ✓ अन्तरराष्ट्रिय गतिविधि बढेको चाहन्छु
- ✓ अझ संगीत सुन्ने मौका चाहन्छु



- ✓ साथीसँग एक घरमुनि बसेर जीवनमा चाहिने क्षमता विकास गर्न र प्रकृतिसँगको सम्बन्ध गहिरो बनाउन चाहन्छु

**विभिन्न अनुभव गतिविधि सिर्जना गरेर बच्चाको समृद्ध हुर्काईलाई समग्र समाजमा सपोर्ट**

# स्कूलभित्र र बाहिर विभिन्न अनुभव गतिविधि सिर्जना गर्ने




बच्चाहरू र युवाहरूको आत्मनिर्भरता र विकासको लागि विभिन्न अनुभव गर्न सकिने सुविधाहरू

जागिर अनुभव प्लेटफोर्म (अस्थायी नाम)

ऐन्टेरप्रेनरशिप शिक्षा कार्यक्रम

TiB Students



टोक्यो बालबालिका सिर्जनात्मक ल्याब



टोक्योको विभिन्न प्रकृति जान्ने सहभागी टाइपको कार्यक्रम

Tokyo Nature Class

“विश्व एथ्लेटिक्स च्याम्पियनशिप” “डेफलिम्पिक गेम्स” को मनमोहक पक्ष अनुभव गर्ने

TOKYO MET SaLaD MUSIC FESTIVAL

#जुनियर र हाई स्कूल विद्यार्थीको लागि अन्तरराष्ट्रिय एक्सचेन्ज कार्यक्रम




क्षेत्रमा विभिन्न अनुभव गतिविधिको सिर्जना



# बालबालिकाको अनुहारमा मुस्कान ल्याउने “खेल” को प्रवर्धन

## बच्चाहरू विभिन्न खेल्ने ठाउँ नजिकै भएको चाहन्छन्



- ✓ **बल खेल्न** सकिने ठाउँ बढेको चाहन्छु
- ✓ **प्ले पार्क** जस्तो पार्क
- ✓ **सबैले** रमाउन सकिने ठाउँ
- ✓ **जुनियर र हाई स्कूल विद्यार्थी** भेला हुन सकिने ठाउँ
- ✓ **साइकल, युनीसाइकल, स्केटबोर्ड** खेल्न सकिने पार्क

टोक्यो महानगर बाल नीति सहकार्य कार्यालय “स्कूलको भिजिटिंग क्लास” “खेल मैदानमा हियरिंग” मा दिइएको विचारको आधारमा उल्लेख गरिएको

**बच्चाको “खेल्न चाहन्छु” लाई पूर्ण शक्तिले सपोर्ट**

## खेल मैदान निर्माण गर्ने कार्यमा बच्चाहरूको विचार समावेश



हियरिंग



वर्कशप



भिजिटिंग क्लास

**बच्चाहरूको विचार**

**प्ले पार्क र बल खेल्ने ठाउँ आदि स्थानीय स्रोतसाधनहरू सदुपयोग गरी “खेल मैदान” निर्माण**

## क्षेत्रको विशेषता सदुपयोग गरेर खेल्ने मौका सिर्जना गर्ने

**खेल्ने अनुभव सिर्जना** गर्ने र **मानव संसाधन विकास** गर्ने आदिमा प्रयास गर्ने नगरपालिकालाई सपोर्ट





"प्ले पार्क" मा प्रकृतिसँग खेल्ने



साधारण "बाटो" मा चित्र कोर्ने



कोठाभित्र हस्तकला बनाउने

## "खेल"को महत्त्व रणनीतिक तरिकामा प्रचार प्रसार




मात्सुमारु र्योगो जी, युमेपोते जी, सेकिदो हिरोकी जीले "बच्चाको खेल"को महत्त्वबारे कुरा गरेको भिडियो उपलब्ध




SNSद्वारा "खेल"को मनमोहक पक्ष प्रचार प्रसार !

# बालबालिकालाई दुर्घटनाबाट जोगाउने वातावरण सिर्जना

## उदाहरणको लागि…खोलामा खेल्दा अपनाउनुपर्ने सुरक्षा उपाय

**परिवर्तन गर्न चाहेको कुराहरू**

खोलामा डुब्ने

**परिवर्तन गर्न नसकिने कुराहरू**

पानीको प्रवाह र गति

**परिवर्तन गर्न सकिने कुराहरू**

लाइफ ज्याकेट लगाउने





## "परिवर्तन गर्न सकिने कुरा" लाई "परिवर्तन गर्ने" दृष्टिकोणमा दुर्घटना रोकथाम साइकल घुमाउने

दुर्घटना रोकथाम साइकल




उद्योग, सरकार, विश्वविद्यालय
र प्राइभेट सेक्टर

**बच्चाले बिनाचिन्ता चुनौती सामना गर्न सक्ने समाज निर्माण**

# बच्चाको दुर्घटना जानकारी डाटाबेस बनाउने

**बच्चाको दुर्घटना जानकारी एक ठाउँमा जम्मा गरेर उद्योग, सरकार, विश्वविद्यालय र प्राइभेट सेक्टरले प्रयोग गर्न सकिने ओपन डाटाबेस बनाउने**

(2024 आर्थिक वर्षको अन्तमा उपलब्ध गर्ने योजना)




## "रोकथामयोग्य दुर्घटनाहरू" लाई विश्वसनीय रूपमा रोक्ने !

# प्रमाणमा आधारित निवारक उपायहरू प्रसारण

विस्तृत कुराहरू यहाँबाट






# युवा हेरचाहकर्तालाई समर्थन

याद गर्ने

प्रसार र चेतना बढाउने

सम्बन्धित निकायहरूको मान्यता प्राप्त गर्ने

जोड्ने

नगरपालिकाको सहकार्य प्रणाली बलियो बनाउने

उमेरको कारण नकाटिने सपोर्ट

सपोर्ट/अवलोकन गर्ने

स्कूलभित्र र बाहिर बस्ने वातावरण अझ राम्रो बनाउने

परामर्श प्रणाली मिलाउने

केयर/घरायसी काम हल्का बनाउन सपोर्ट

पूरा परिवार मिलेर सपोर्ट गर्ने दृष्टिकोणमा सपोर्ट

सम्बन्धित व्यक्तिहरूले विचार आदानप्रदान गर्ने मौका

बच्चाले सामना गर्ने वास्तविक अवस्थामा साथ दिएर स-साना कुराहरूमा पनि सपोर्ट गर्ने

# युवा हेरचाहकर्ताबारे बुझाइ प्रवर्धन गरेर सही ज्ञानको गहिराइमा पुऱ्याउने र सामाजिक जागरूकता सुधार्ने

**होमपेज "युवा हेरचाहकर्ताको लागि प्लेटफोर्म" उपलब्ध छ!**




Point!

## सम्बन्धित व्यक्तिको **वास्तविक आवाज प्रचार प्रसार**


वर्कशप


छलफल बैठक

Point!

## **बुझाइ गहिरो बनाउने विषयवस्तु** अझ उपलब्ध गराउने



एनिमेसन



डकुमेन्ट्री

# मातृभाषा जापानी नभएका बालबालिकालाई सहयोग

## टोक्योमा जापानी भाषा शिक्षा चाहिने विद्यार्थीको सङ्ख्या बढ्दै छ




(स्रोत) टोक्यो महानगर शिक्षा समिति “जापानी भाषा शिक्षा आवश्यक पर्ने विद्यार्थीहरूको स्वीकृति स्थितिमा सर्वेक्षण” को आधारमा तयारी गरिएको

**मातृभाषा जापानी नभएका बालबालिका आफ्नो मूल्यमान्यताअनुसार सक्रिय भूमिका खेल्न सक्ने समाजको लक्ष्य बनाउने**

# हरेक एक एक जनाको वास्तविक अवस्थामा साथ दिई विभिन्न सपोर्ट विकास गर्ने

## स्कूल



- ✓ विविधता शिक्षाको प्रवर्धन गर्ने
- ✓ हाई स्कूल सम्बन्धी जानकारी अझ प्रचार प्रसार गर्ने



## स्थानीय समाज

- ✓ बहुसांस्कृतिक बालबालिका संयोजक
- ✓ बहुसांस्कृतिक बालबालिका सैलुन

## डिजिटल

- ✓ च्याटमा सजिलोसँग परामर्श लिन पाउने **“Comforting Chat”**
- ✓ Virtual Learning Platform※

※ 3D मेटाभर्सद्वारा बनाइएको वातावरण वा सिक्ने ठाउँ

## बहुसांस्कृतिक बालबालिका सैलुन

**अध्ययन**



प्रत्येक व्यक्तिअनुरूप **जापानी शिक्षा समर्थन**

**परामर्श**



बालबालिका र अभिभावकहरूलाई साथ दिएर **विस्तृत परामर्श सेवा**


**अन्तरक्रिया**



अरू व्यक्तिसँगको सम्बन्ध बनाइदिएर **मनोवैज्ञानिक पक्षआदिबाट समर्थन**

# युवा स्वास्थ्य सेवा

## आफ्नो स्वास्थ्यप्रति चासो नभएकाहरूको चेतना बढाउने र अग्रसर नहुनेहरूलाई उत्प्रेरणा दिनु महत्त्वपूर्ण छ




लगभग 70% चासो नभएको वा अग्रसर नभएको

(हेर्ने तरिका)
- ■:"ध्यान दिएको छैन" वा "सम्झे पनि के गर्नुपर्ने हो सो थाह छैन"
- ■:"ध्यान दिएको छ अनि केही कदम चालेको छ"

(स्रोत) टोक्यो महानगर बाल नीति सहकार्य कार्यालय "TOKYO YOUTH HEALTHCARE" वेबसाइटबारे प्रश्नावली (2023 साल 10 महिना 27 तारिखदेखि 2024 साल 3 महिना 29 तारिख संकलन गरिएको) को आधारमा तयारी गरिएको

## किशोरावस्थाका लागि विशेष स्वास्थ्य समस्याहरू समाधान गर्दै युवा स्वास्थ्य प्रवर्धन




【शिक्षा ब्युरो】
**विशेष क्लास** आदि

【सामाजिक कल्याण ब्युरो】
**टोक्यो युवा स्वास्थ्य सपोर्ट (WAKASAPO)** आदि

【बाल नीति सहकार्य कार्यालय】
**वेबसाइट** आदि

# किशोरावस्थामा जान्नै चाहेको स्वास्थ्य जानकारी युवा दृष्टिकोणबाट संचार

TOKYO YOUTH HEALTHCARE

- 10-19 वर्ष देखिको स्वास्थ्य/उपचार साइट -



## युवाहरूले जान्न चाहने जानकारी फैलाउने

- ✓ जुनियर र हाई स्कूल विद्यार्थीको पुस्ता "**युवा लेखक**" भएर लेखहरू तयार पार्ने

## विज्ञहरूको निगरानीमा सटीक र सुरक्षित



- ✓ विज्ञहरूको निगरानीअन्तर्गत **युवाहरूको परामर्शमा जवाफ दिने लेख** तयार पार्ने




## युवाहरूको आइडिया **द्वारा** पढ्न सजिलो होमपेज

- ✓ **युवाहरूको आइडियाको** आधारमा **होमपेज अझ राम्रो बनाउने**

टपपेजमा **लेखको र्याकिङ्ग** देखाउने

**कस्तो लेख लोकप्रिय छ** भनेर चासो लाग्छ!



# बाल नीति बलियो बनाउन प्राथमिकता दिने कार्य

## नीतिको खम्बा 1

### कसैलाई नछुटाउने दृष्टिकोणबाट बच्चाको सपोर्ट सशक्त बनाउने

### बुलिंग रोकथाम उपाय

**बालबालिका र विद्यार्थीको लागि शिक्षा परामर्श प्रणाली अझ राम्रो बनाउने**

✓ शिक्षा परामर्श प्रमुख नियुक्त गरेर शिक्षा परामर्श प्रणालीलाई व्यवस्थित बनाउने
✓ बालबालिका र अभिभावकलाई परामर्श दिने वकिल आदि राख्न सपोर्ट आदि

**SNS सदुपयोग गरेर जानकारी प्रचार प्रसार**

### बाल दुर्व्यवहार रोकथाम उपाय

**शहरको विशेष र क्रस-जुरिस्डिक्शनल मुद्दाहरूको सामना गर्नको लागि बालबालिकाको लागि परामर्श प्रणाली मजबुत बनाउने**

**नगरपलिकाको बालबालिका कल्याण विभाग र मातृ तथा शिशु स्वास्थ्य विभागको सहकार्यलाई बलियो बनाएर निरन्तर सपोर्ट गर्ने**

## गरिबी रोकथाम उपाय

सबै बच्चाहरू स्वस्थ भई हुर्कन सकिने समाज वास्तविकतामा परिणत गर्नको लागि पूर्ण रूपले उपाय अपनाउने

शिक्षा सपोर्ट

जीवन सपोर्ट

अभिभावकलाई रोजगारी सपोर्ट

आर्थिक सपोर्ट

## बच्चाको लागि विभिन्न बस्ने वातावरण सिर्जना गर्ने

विभिन्न आवश्यकतामा आधारित भई बच्चाको विभिन्न बस्ने वातावरण सिर्जना गर्ने

**बिहान**

प्राथमिक विद्यालय सदुपयोग गरेर बिहान बच्चाहरू बस्ने वातावरण सिर्जना गर्ने





**दिउँसो**

स्कूलको क्याफेमा बस्न पाउने फ्री स्कूल आदि



**स्कूल पछि**

स्कूलपछिको बाल क्लब स्कूलपछि बाल कक्षा आदि

## सामाजिक हुर्काई

पालक अभिभावक प्रणाली फैलाउने र पालक अभिभावकको सपोर्ट अझ राम्रो बनाउने

बाल नीति बलियो बनाउन प्राथमिकता दिने कार्य

# नीतिको खम्बा 2

## बच्चा हुर्काउने परिवारलाई साथ दिएर बच्चाको हुर्काईलाई सपोर्ट गर्ने वातावरण राम्रो बनाउने

### एक पछि अर्को लाइफ स्टेजमा निरन्तर सपोर्ट गरिरहने

**टोक्योभित्र सबै बच्चाको नर्सरी शुल्क आदि निशुल्क बनाउने**




✓ 0 देखि 2 वर्षको पहिलो बच्चाको नर्सरी शुल्क आदि निशुल्क बनाउने

**हाई स्कूल आदिको शुल्क प्रभावकारी रूपमा निशुल्क बनाउने**


✓ आम्दानीको कुनै सिमाना छैन

**बच्चा हुर्काउने परिवार बस्न सजिलो सस्तो कोठा उपलब्ध गराउने**

✓ प्राइभेट सेक्टरको स्रोतसाधन सदुपयोग गर्ने

**टोक्यो बालबालिका “Sukusuku” हाउजिंगको प्रवर्धन**

東京こどもすくすく住宅



### नर्सरीको गुणस्तर अझ सुधार्ने र सबै बच्चाको हुर्काई सपोर्ट गर्ने



**बाल स्याहारकर्ता आदिको करियर विकास सपोर्ट**

**बाल स्याहार सेवा प्रवर्धन परियोजना**

✓ हरेक नर्सरी कर्मचारीको मेन्टल केयर र अनुपयुक्त बाल स्याहार रोकथाम

**विशेष सपोर्ट चाहिएको बच्चालाई सपोर्ट**

✓ चिकित्सा सेवा आवश्यक पर्ने बालबालिकाको वृद्धि र पालनपोषणको लागि सहयोग।

## स्कुलपछि बाल क्लबको विकास र सेवाको गुणस्तर विकास

### 2027 आर्थिक वर्षको अन्तसम्ममा बाल क्लबमा पस्न नसकिने अवस्था हटाउने







## बालबालिका DXको प्रवर्धन

### 2025 आर्थिक वर्षसम्ममा पूरा हुने 4 वटा परियोजना

I पुश टाइपको बच्चा हुर्काई सर्भिस

II मातृ तथा शिशु स्वास्थ्य अनलाइन सर्भिस

III बाल स्याहार सुविधा वन स्टपमा खोज्न सकिने

IV लाभ प्रणालीलाई सुविधाजनक बनाउने



## एकल अभिभावक परिवारलाई सपोर्ट

### एकल अभिभावक परिवारको आत्मनिर्भरता प्रवर्धन

✓ रोजगारीको लागि योग्यता वा सीप सिक्न सपोर्ट, बेबीसिटरद्वारा केही समय शिशु राखिदिने सेवा वृद्धि गर्ने, हुर्काउने खर्च जोगाउन सपोर्ट आदि

# नीतिको खम्बा 3

## “टोक्यो स्टाइल शिक्षा मोडेल” द्वारा शिक्षाको गुणस्तर विकास गर्ने

### महानगरीय हाई स्कूलको परिवर्तन “नयाँ शिक्षा स्टाइल” को विकास

**एक एक जनाको चासोअनुसार शिक्षा दिनेतर्फ परिवर्तन गरेर नयाँ मूल्य र समाधान सिर्जना गर्ने मानव संसाधन तयार पार्ने**

**डिजिटल र वास्तविकता सहितको नयाँ शिक्षा**

✓ स्कूलभित्र र बाहिर (बाहिर संस्था, अनलाइन) सिक्ने
✓ विशेषज्ञ वा बिजनेस पर्सनबाट सिक्ने
✓ विद्यार्थीले ज्ञान वा चासोअनुसार आफैले सिक्ने



### ग्लोबलमा सक्रिय भई काम गर्न सकिने मानव संसाधन विकास गर्ने

**महानगरीय हाई स्कूलमा अन्तरराष्ट्रिय एक्सचेन्ज कार्यक्रम गर्ने**

✓ “विदेशमा नजर राखेर करियर बनाउने” मा सपोर्ट





**महानररीय हाई स्कूलमा विविध शिक्षा प्रवर्धन**




**विदेशमा भएको विश्वविद्यालय आदिमा पढ्नमा चासो भएको महानगरीय हाई स्कूल विद्यार्थी आदिलाई सपोर्ट**

# स्कूल साइटमा डिजिटल शिक्षाको प्रवर्धन

## TOKYO स्मार्ट स्कूल प्रोजेक्टको विकास




- डिजिटल वातावरण विकास गरेर सिक्न उत्प्रेरित गर्ने **"सिक्ने तरिका परिवर्तन"**
- एभिडेन्सको आधारमा शिक्षा दिने **"सिकाउने तरिका परिवर्तन"**
- सिस्टमद्वारा शिक्षकको बोझ हल्का बनाउने **"काम गर्ने तरिका परिवर्तन"**




## प्रोग्रामिङ्ग शिक्षाको निश्चित रूपमा प्रवर्धन

## डिजिटल सदुपयोग गरेर
"अर्को पुस्ताको लागि जिम्मा लिन सक्ने **उत्पादन विशेषज्ञहरू**"
"टोक्योको खाद्यान्न सपोर्ट गर्ने **उन्नत कृषि मानव संसाधन**"
विकास

# विशेष सपोर्ट चाहिने बालबालिका र विद्यार्थीको शिक्षा अझ राम्रो बनाउने

## विशेष सपोर्ट स्कूल र हाई स्कूलको सहकार्यमा विभिन्न गतिविधिहरू संचालन गर्ने



**TOKYO 2025 DEAFLYMPICS को अवसरमा श्रवण अपाङ्गता शिक्षाको प्रवर्धन, बुझाइ, चेतना वृद्धि गर्ने**

**समाबेशी समाजमा जिम्मेवारी लिन सक्ने व्यक्ति विकास गर्नको लागि कार्यक्रम गर्ने**

TOKYO 2025
25TH SUMMER DEAFLYMPICS

TOKYO 2025 DEAFLYMPICS एम्बेलम

# नीतिको खम्बा 4

## विभिन्न संस्थासँग सहकार्य गरी बालबालिकाको मुहारमा मुस्कान ल्याउने कार्यहरू विकास

## बालबालिका स्माइल मुभमेन्ट

**"समग्र समाजले बच्चाको मोल गर्ने" मुभमेन्टको नीति प्रचार प्रसार गर्ने र प्रोत्साहन दिने**

- ✓ विभिन्न संस्थाहरूलाई जानकारी प्रचार प्रसार गर्ने
- ✓ विभिन्न क्षेत्रमा सक्रिय भई अग्रणी भूमिका निभाउने सेलिब्रिटीद्वारा बालबालिकाको लागि विशेष कक्षा

"बालबालिका स्माइल मुभमेन्ट" को एम्बेसेडरहरू



**बच्चाहरू समाजमा सहभागी हुने मौका सिर्जना गर्ने**




जागिर अनुभव

**वेबसाइट जागिर अनुभव प्लेटफोर्म (अस्थायी नाम) बनाउने**

**[जुनियर र हाई स्कूल विद्यार्थी]**
कम्पनी अध्ययन /आवेदन

**म्याचिंग**

- कार्यस्थल अनुभव
- जुनियर र हाई स्कूल विद्यार्थी रिपोर्टर (अस्थायी नाम) द्वारा कम्पनीको परिचय आदि

**[कम्पनी र संस्था]**
अनुभव कार्यक्रम आदि


विस्तृत कुराहरू यहाँबाट

# IKUGYO को प्रवर्धन

## बाल हेरचाह "बिदा" होइन तर "भविष्य बनाउने महत्त्वपूर्ण कार्य" "बाल हेरचाह बिदा" होइन तर "Ikugyo"*

*बाल हेरचाह बिदाको लागि उपनाम

育業 いくぎょう
みんなで育てるしごと




(स्रोत) टोक्यो महानगर उद्योग श्रम ब्युरो "रेइवा 5 आर्थिक वर्ष टोक्यो महानगर लैङ्गिक समानता रोजगार सहभागिता(आर्थिक वर्ष) स्थिति सर्वेक्षण परिणाम प्रतिवेदन"को आधारमा तयारी गरिएको

## IKUGYO अझ प्रवर्धन





- सहकर्मी सपोर्ट एप्रोच
- युवा पुस्ता लाई एप्रोच





- IKUGYO सम्बन्धित व्यक्तिहरूको चेतनामा परिवर्तन
- विभिन्न काम गर्ने तरिका सपोर्ट
- पुरुष IKUGYO प्रयास प्रबर्धन

विस्तृत कुराहरू यहाँबाट

